# विराट ट्रेड एक्स्पो २०२५ का मनोरञ्जनात्मक कार्यक्रमहरू

११ दिने एक्स्पोमा दर्शकहरूको मनोरञ्जनका लागि प्रत्येक दिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूबाट साङ्गितिक साँझ र साँस्कृतिक कार्यक्रमहरू प्रस्तुत गरिएको थियो ।

मुख्य गरी चर्चित तथा ख्यातिप्राप्त व्याण्ड तथा कलाकारहरू, कुटुम्ब - इन्द्रकला राई समुह, कुमा सागर एण्ड खोपा - आश्मा विश्वकर्मा समुह, उजन शाक्य ओः इमर्ज - समिक्षा अधिकारी समुह, द फिरन्ते - शिव परियार समुह, रक हेड्स - सहिमा श्रेष्ठ समुह, सुशान्त र रागा - एन्जिला रेग्मी समुह, डिके सागर - द स्मृति - मेलिना राई समुह, परिवर्तन - डिजे अमु वाईवा समुह, केहर एण्ड द लुङ्गा - सेण्डी एण्ड फ्युजन समुह, द ईलिमेन्टस् - राजन राज सिवाकोटी समुह र स्वप्न एण्ड द एस्टर्स - निलम ढुंगाना लगायतका व्याण्ड समुहले उत्साहजनक प्रस्तुति दिएका थिए । त्यसका साथै आफ्नो प्रतिभा देखाउन अवसर प्रदान गरिएको सो मञ्चमा विभिन्न विद्यालयका विद्यार्थीहरूले पनि सहभागिता जनाई आ-आफ्ना नृत्य, नाटक र गायन प्रतिभाहरू दर्शाएका थिए ।

त्यसका अलावा एक्स्पो अवधिभर संचालित बाल उद्यान र विविध मनोरञ्जनात्मक गतिविधिहरूले दैनिक हजारौँ दर्शकहरूलाई रोमाञ्चित तुल्याउन सफल भएको थियो ।

## विराट भ्वाईस

Logo of

Birat Voice

एक्स्पो कै अवसर पारी मोरङ उद्योग व्यापार संघले कोशी प्रदेशका गायन पारखीहरूलाई आफ्नो प्रतिभा दर्शाउने मञ्च समेत प्रदान गरेको थियो । विराट भ्वाईस नामले संचालित उक्त प्रतियोगितामा प्रदेश भरीबाट करिब ९५ जना गायन प्रतियोगीले आ-आफ्ना सहभागिता जनाएका थिए । जस मध्ये विभिन्न चरणमा अडिसन र प्रतिष्पर्धा गराई एक जना उत्कृष्ट प्रतियोगी छनौट गरिएको थियो । उक्त भ्वाईस प्रतियोगितामा उत्कृष्ट प्रस्तुति सहित सुमधुर स्वर र गायन प्रतिभाले जज र अत्याधिक दर्शकहरूको मन जित्न सफल खाँदवारी १०, संखुवासभा निवासी २२ वर्षीय शुश्री सुनिता तामाङले विजय हासिल गर्नु भई आयोजकको तर्फबाट पुरस्कार स्वरूप रू. १,००,०००।- गिफ्ट हेम्परहरू र सम्मान पत्रले सम्मानित हुनु भएको थियो ।

# विराट ट्रेड एक्स्पो २०२५ को समापन

२०८२ पौष १९ गते, शुक्रबारका दिन नेपाल सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री श्री अनिलकुमार सिन्हाज्यूको प्रमुख आतिथ्यतामा मोरङ उद्योग व्यापार संघद्वारा आयोजित वृहद् औद्योगिक/व्यवसायिक महोत्सवको 'विराट ट्रेड एक्स्पो २०२५'को समापन गरिएको थियो ।

संघका अध्यक्ष श्री अनुपम राठीले एक्स्पोको सो समापन समारोहको सभापतित्व गर्नु भई उक्त एक्स्पोले आफ्नो उद्देश्य अनुरूप केवल व्यापारिक कारोबार बढाउनु मात्र नभई उद्योगी-व्यवसायीहरूमा नयाँ ऊर्जा थपेको, उपभोक्ता र उत्पादकलाई एउटै थलोमा जोडनुका साथै नवप्रवर्तन, साझेदारी र सहकार्यका अवसरहरू सिर्जना गर्न सफल भएको बताउनु भएको थियो ।

Closing Pic

एक्स्पो अवधिभर मुलुकका विभिन्न स्थानका स्वदेशी उत्पादन, कृषि तथा औद्योगिक वस्तु, सूचना प्रविधि, अटोमोबाइल, हस्तकला, जडीबुटी, महिला उद्यम, साना तथा मझौला उद्योगका उत्पादनहरू प्रदर्शनी गरिएका थिए जसले बजारको सम्भावना र क्षेत्रीय व्यापार विस्तारका अवसरहरूलाई थप उजागर गरेको थियो ।

साथै, विभिन्न महत्वपूर्ण औद्योगिक व्यवसायिक विषय वस्तुहरूमा Seminar, Thematic session हरु मार्फत नयाँ उद्यमी र उद्यमशीलतालाई अगाडी बढाउन महत्वपूर्ण छलफलका कार्यक्रमहरू सहित आयोजित उक्त एक्स्पोमा युवा पुस्ता र युवा उद्यमीहरूमा उत्साह र उल्लेखनीय उपस्थिति देखिएको थियो ।

एक्स्पो समापनको अवसरमा एक्स्पोका संयोजक श्री अमित कुमार सारदाज्यूले दर्शकहरूको उल्लेखनीय सहभागिता, अनुशासन र उत्साहले सो एक्स्पो केवल आयोजकको नभई सम्पूर्ण विराटनगरवासी र प्रदेशकै साझा उत्सव बन्न पुगेको बताउनु भई सो बृहद एक्स्पोको संचालनमा योगदान पुर्‍याउनु हुने संघीय, प्रदेश तथा स्थानीय सरकार, प्रायोजक, सह-प्रायोजक र पार्टनर प्रतिष्ठानहरू, सहयोगी संघ-संस्थाहरू, सुरक्षा निकायहरू, सञ्चारमाध्यमहरू, संघका कार्यसमिति सदस्यहरू, महिला र युवा उद्यम समिति, सचिवालयका कर्मचारीहरू तथा प्रत्यक्ष-अप्रत्यक्ष रुपमा साथ दिनु हुने सम्पूर्ण महानुभावहरूलाई हार्दिकतापूर्ण धन्यवाद ज्ञापन गर्नु भई वहाँहरुलाई आयोजकको तर्फबाट सम्मान पत्र, मायाको चिनो तथा प्रमाण-पत्रहरू प्रदान गर्नु भएको थियो ।

Individual Pic of

AMIT SARDA
Delivering Speech

कोशी प्रदेश सहित समग्र मुलुक कै बृहद औद्योगिक/व्यवसायिक महोत्सवको रूपमा स्थापित हुन सफल सो एक्स्पोले निजी क्षेत्रको आत्मविश्वास बलियो बनाउन, सहकार्यको ढोका खोल्न तथा मुलुकको अर्थतन्त्रमा सकारात्मक ऊर्जा प्रवाह गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै ऐतिहासिक सफलता हासि ल गरेको थियो ।

Group Pic. with Chief Guest of Closing Ceremony